# बाढी नियन्त्रण गुरुयोजना तयारी सम्बन्धी परियोजना सूचना प्रसारण तथा दोस्रो सरोकारवाला बैठक कार्यशालाको संक्षिप्त प्रतिवेदन

<u>मितिः २१ अप्रिल २०२६ **(21 April 2026)**</u>




नेपालको सुनसरी र मोरङ जिल्लामा बाढी नियन्त्रण तथा विपद् जोखिम न्यूनीकरणका लागि क्षमता विकास परियोजना

# दोस्रो सरोकारवाला बैठक कार्यशालाको संक्षिप्त प्रतिवेदन

मितिः २१ अप्रिल २०२६
स्थानः होटल एशियाटिक, विराटनगर, नेपाल

# कार्यकारी सारांश

यो परियोजना नेपालका सुनसरी र मोरङ जिल्लाभित्र पर्ने तीन नदी प्रणाली केसहलिया नदी (उपरी क्षेत्रमा स्थानीय रूपमा बुढी खोला भनेर चिनिने), सिङ्घिया नदी तथा लोहन्द्रा नदीका जलाधार क्षेत्रहरूलाई समेटेर सञ्चालन गरिएको हो। उक्त परियोजना जलस्रोत तथा सिंचाइ विभाग (DWRI) द्वारा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) को प्राविधिक सहयोगमा कार्यान्वयन भइरहेको छ। परियोजनाको मुख्य उद्देश्य बाढीजन्य विपद् जोखिम न्यूनीकरण गर्दै प्रभावित नदी बेसिन क्षेत्रमा समन्वित क्षेत्रीय विकास प्रवर्द्धन गर्ने लक्ष्यसहित बाढी नियन्त्रण गुरुयोजना तयार गर्नु हो।

JICA को "Environment and Social Considerations Guidelines (2010)" मा उल्लेखित सहभागितामूलक योजना निर्माण, लोकतान्त्रिक निर्णय प्रक्रिया तथा बहु-तह सरकारबीचको समन्वयको सिद्धान्तअनुसार सरोकारवालासँगको परामर्शलाई गुरुयोजना तयारी प्रक्रियाको अभिन्न अंगका रूपमा समावेश गरिएको छ।

यसै सन्दर्भमा "सुनसरी तथा मोरङ जिल्लामा विपद् जोखिम न्यूनीकरणका लागि बाढी नियन्त्रण क्षमता विकास परियोजना अन्तर्गत बाढी नियन्त्रण गुरुयोजना तयारी सम्बन्धी परियोजना सूचना प्रसारण तथा सरोकारवाला बैठक कार्यशाला" २१ अप्रिल २०२६ मा विराटनगरस्थित होटल एशियाटिकमा आयोजना गरिएको थियो। कार्यशाला जलस्रोत तथा सिंचाइ विभागद्वारा आयोजना गरिएको थियो, जसमा परियोजना सम्बन्धी सूचना प्रवाह तथा सरोकारवालासँगको परामर्श गरी दुई प्रमुख सत्र सञ्चालन गरिएको थियो। कार्यशालामा विभिन्न निकायका २८ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यशालाको उद्देश्य परियोजनाको प्रारम्भिक चरणमै सूचना प्रवाह गरी परियोजनाको कार्यक्षेत्र, कार्यान्वयन व्यवस्था तथा संस्थागत जिम्मेवारीबारे पारदर्शिता कायम गर्नुका साथै सरोकारवालाहरूबाट राय, सुझाव तथा चासो संकलन गरी प्रभावकारी योजना निर्माणमा सहयोग पुऱ्याउनु थियो। कार्यशालामा PowerPoint प्रस्तुति, अन्तरक्रियात्मक छलफल तथा प्रश्नोत्तर कार्यक्रम सञ्चालन गरिएको थियो। अन्त्यमा मुख्य निष्कर्षहरूको समीक्षा तथा समापन सत्र सम्पन्न गरिएको थियो।

कार्यक्रमको सहजीकरण DWRI का इन्जिनियर श्री आशिष पोखरेलले गर्नुभएको थियो। उहाँले संघीय, प्रादेशिक तथा स्थानीय तहका प्रतिनिधिहरूको सहभागिताबारे जानकारी दिँदै परियोजनाको परिचय प्रस्तुत गर्नुभएको थियो।

---

## उद्घाटन सत्र

उद्घाटन सत्रमा श्री आशिष पोखरेलले नेपालमा तीन तहका सरकारबीच समन्वयको महत्त्वमाथि प्रकाश पार्दै परियोजनाको उद्देश्य र अपेक्षित उपलब्धिबारे जानकारी दिनुभयो। उहाँले कार्यशालाबाट सहभागीहरूले परियोजनाको संरचना, उद्देश्य, कार्यान्वयन प्रणाली तथा संस्थागत जिम्मेवारी स्पष्ट रूपमा बुझ्ने र विविध सरोकारवालाबाट प्राप्त सुझावहरूले प्रभावकारी योजना निर्माणमा सहयोग पुग्ने अपेक्षा व्यक्त गर्नुभयो।

---

## परियोजना सम्बन्धी प्रस्तुति

DWRI का श्री कुमार घिमिरेले परियोजनासम्बन्धी विस्तृत प्रस्तुति दिनुभयो। उहाँले “Project for Capacity Development on Flood Control for Disaster Risk Reduction in Sunsari and Morang Districts, Nepal” शीर्षकको परियोजना JICA को सहयोगमा २४ जनवरी २०२४ देखि तीन वर्षे अवधिका लागि सञ्चालन भइरहेको जानकारी दिनुभयो।

उहाँले परियोजना मुख्य रूपमा प्राविधिक सहयोग कार्यक्रम भएको र नेपालमा संस्थागत क्षमता अभिवृद्धि तथा ज्ञान हस्तान्तरणमा केन्द्रित रहेको स्पष्ट पार्नुभयो। परामर्शदाता सेवा Yachiyo Engineering Co., Ltd., Nippon Koei Co., Ltd. तथा Pacific Consultants Co., Ltd. को संयुक्त उद्यमद्वारा सञ्चालन भइरहेको तथा सर्वेक्षण र विश्लेषण कार्यमा नेपाली परामर्शदाता टोलीको समेत संलग्नता रहेको जानकारी गराउनुभयो।

DWRI परियोजनाको कार्यान्वयन तथा समन्वय निकायका रूपमा रहेको र JICA परियोजना टोलीले प्राविधिक कार्यान्वयनको जिम्मेवारी निर्वाह गरिरहेको जानकारी दिइयो।

---

# संस्थागत संरचना

परियोजनाका लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिवको अध्यक्षतामा Joint Coordination and Monitoring Committee (JCMC) गठन गरिएको छ, जसमा संघीय, प्रादेशिक तथा स्थानीय तहका प्रतिनिधिहरूको सहभागिता रहेको छ। उक्त समिति परियोजनाका गतिविधिको अनुमोदन तथा अनुगमन गर्ने सर्वोच्च निकायका रूपमा कार्यरत रहेको जानकारी दिइयो।

DWRI का महानिर्देशक परियोजना निर्देशक तथा उपमहानिर्देशक परियोजना व्यवस्थापकका रूपमा कार्यरत रहेको तथा DWRI तथा स्थानीय तहका प्राविधिक कर्मचारीहरूलाई तथ्याङ्क संकलन तथा क्षमता विकासका लागि परिचालन गरिएको जानकारी प्रस्तुत गरियो।

---

# परियोजनाका उद्देश्य

परियोजनाका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- बाढी जोखिम तथा जोखिम क्षेत्र नक्सा तयार गर्नु
- संरचनात्मक तथा गैर-संरचनात्मक उपायसहित बाढी नियन्त्रण योजना तयार गर्नु
- विपद् जोखिम न्यूनीकरण लगानी प्रवर्द्धनका लागि कार्यान्वयन संयन्त्र स्थापना गर्नु

परियोजनालाई दुई चरणमा विभाजन गरिएको छ। पहिलो चरणमा नक्सांकन तथा योजना निर्माणमा केन्द्रित रहने र दोस्रो चरणमा कार्यान्वयन संयन्त्र तथा संस्थागत सुदृढीकरणमा जोड दिइने जानकारी दिइयो।

---

# नदी बेसिन तथा वातावरणीय पक्ष

श्री कुमार घिमिरेले नदी बेसिनका विभिन्न क्षेत्रमा फरक प्रकृतिका समस्या रहेको उल्लेख गर्दै माथिल्लो क्षेत्रमा पहिरो, मध्य क्षेत्रमा गाद जम्ने समस्या तथा तल्लो शहरी क्षेत्रमा बाढी र डुबान मुख्य चुनौती रहेको जानकारी दिनुभयो। यी समस्याहरू समाधान गर्न समन्वित जलाधार व्यवस्थापन आवश्यक रहेको उहाँले जोड दिनुभयो।

श्री आशिष पोखरेलले नदी बेसिन सर्वेक्षण विधिबारे जानकारी दिँदै भौतिक, जलविज्ञान, पारिस्थितिक तथा सामाजिक-आर्थिक पक्षहरूको समग्र अध्ययन गरिने बताउनुभयो। सर्वेक्षणमा भू–आकृति, भूमि उपयोग, जलस्रोत, जैविक विविधता, जलवायु तथा मानव गतिविधिसम्बन्धी तथ्याङ्क संकलन गरिने जानकारी दिइयो।

DWRI, कोशी प्रदेशका वातावरण निरीक्षक श्री राजेश्वर पौडेलले वातावरणीय पक्षबारे प्रस्तुति दिँदै विराटनगरमा २०७५ सालको बाढी अनुभव उल्लेख गर्नुभयो। उहाँले बाढी र डुबान समस्याबीच स्पष्ट भिन्नता छुट्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो। साथै, ठूला नदी नियन्त्रण कार्यहरूमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सँगै Strategic Environmental Assessment (SEA) को समेत महत्त्व रहेको उल्लेख गर्नुभयो।

---

# मुख्य छलफल तथा अवलोकन

## प्रमुख विषयहरू

- सरोकारवालाको सक्रिय सहभागिता
- समन्वित जलाधार व्यवस्थापनको आवश्यकता
- तथ्याङ्कमा आधारित योजना निर्माणको महत्त्व
- वातावरणीय सुरक्षामा जोड

---

# सरोकारवाला परामर्श: मुख्य प्रश्न, चासो तथा सुझाव

## वित्तीय पारदर्शिता तथा संस्थागत समन्वय

बेलबारी नगरपालिकाका इन्जिनियर श्री वीरेन्द्र गिरीले परियोजना कार्यान्वयनमा पारदर्शी बजेट, स्रोत विनियोजन तथा अनुगमन प्रणाली आवश्यक रहेको बताउनुभयो। कटहरी गाउँपालिकाका श्री रविन्द्र

कार्कीले वित्तीय स्रोत तथा खर्च अनुगमन प्रक्रिया स्पष्ट रूपमा जानकारी गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

भूमिहीन तथा विपन्न समुदायको पहिचानमा कठिनाइ हुने भएकाले वडा तह तथा स्थानीय प्रतिनिधिसँग समन्वय गरी तथ्याङ्क संकलन गर्न सुझाव दिइयो।

---

# विद्यमान पूर्वाधार तथा योजनाको समायोजन

दुहबी नगरपालिकाका श्री अविनाश गोसाईले विद्यमान पूर्वाधार तथा पूर्वतयारी योजनालाई समावेश नगरे दोहोरोपनको समस्या आउने उल्लेख गर्नुभयो। उहाँले उपलब्ध संरचना, अध्ययन तथा योजनाहरूको विस्तृत समीक्षा गरी गुरुयोजनासँग समायोजन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

---

# कृषि तथा जल व्यवस्थापन

केराबारी गाउँपालिकाका श्री लक्ष्मण जी.सी. ले किसानलाई प्रत्यक्ष लाभ पुग्ने गरी सिंचाइ, बाढी न्यूनीकरण तथा पानी शुद्धीकरणसम्बन्धी उपायहरू समावेश गर्नुपर्ने धारणा राख्नुभयो।

---

# पुनर्स्थापना तथा सामाजिक सुरक्षा

कटहरी गाउँपालिकाका श्री रविन्द्र कार्की तथा ग्रामथान गाउँपालिकाका श्री श्रवण माझी थारुले पुनर्स्थापना नीतिबारे स्पष्ट व्यवस्था हुनुपर्ने आवश्यकता व्यक्त गर्नुभयो। प्रभावित समुदायको उचित क्षतिपूर्ति, जीविकोपार्जन पुनर्स्थापना तथा प्रभावकारी परामर्श सुनिश्चित गर्नुपर्ने सुझाव दिइयो।

---

## प्राविधिक व्यवहार्यता

धरान उपमहानगरपालिकाका श्री रोशनप्रसाद महतोले जलजमाव क्षेत्रमा भूमिगत पानी निकास प्रणालीको प्रभावकारिताबारे प्रश्न उठाउनुभयो। साथै, Retention Basin को क्षमता, सञ्चालन तथा मर्मतसम्भारबारे विस्तृत प्राविधिक अध्ययन आवश्यक रहेको बताइयो।

---

## वातावरणीय दिगोपन

धरान उपमहानगरपालिकाकी सुश्री श्रीयानी बनियाँले नदी किनार क्षेत्रको बस्ती व्यवस्थापन तथा जोखिम क्षेत्र निर्धारण स्पष्ट हुनुपर्ने बताउनुभयो। गाद व्यवस्थापन, ढुंगा–माटो नियन्त्रण तथा कृषियोग्य भूमिमा सम्भावित प्रभावबारे समेत चासो व्यक्त गरियो।

---

# प्रमुख सिफारिसहरू

- पारदर्शी वित्तीय व्यवस्थापन प्रणाली स्थापना गर्ने
- विद्यमान पूर्वाधार तथा योजनाको समायोजन सुनिश्चित गर्ने
- कृषि तथा सिंचाइ क्षेत्रमा विशेष ध्यान दिने
- पुनर्स्थापना तथा सामाजिक सुरक्षासम्बन्धी स्पष्ट नीति तयार गर्ने
- विस्तृत प्राविधिक अध्ययन गर्ने
- वातावरणीय योजना तथा नदी किनार व्यवस्थापन सुदृढ गर्ने
- समुदायको सहभागिता तथा जनचेतना अभिवृद्धि गर्ने

---

# कार्यशाला समापन

DWRI का श्री कुमार घिमिरेले कार्यशालाको समापन गर्दै परियोजना टोली तथा सहभागीहरूको सक्रिय सहभागिताप्रति धन्यवाद व्यक्त गर्नुभयो। उहाँले बाढी जोखिम न्यूनीकरणमार्फत जनधनको क्षति कम गर्नु परियोजनाको मुख्य उद्देश्य रहेको उल्लेख गर्नुभयो।

उहाँले बाढी नियन्त्रण संरचना तथा Flood Trap जस्ता संरचनात्मक उपायहरू प्रस्ताव गरिएको जानकारी दिनुभयो। साथै, वातावरणीय तथा सामाजिक पक्षलाई परियोजनामा समेटिएको र “with-project” तथा “without-project” अवस्थाको तुलनात्मक मूल्याङ्कन गरिएको जानकारी प्रस्तुत गर्नुभयो।

---

# समापन मन्तव्य

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका वरिष्ठ डिभिजनल इन्जिनियर श्री श्रीप्रसाद शाहले समापन मन्तव्य दिनुभयो। उहाँले नदी र मानव जीवनबीचको सम्बन्धलाई सन्तुलित रूपमा व्यवस्थापन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

उहाँले नेपाल सरकारको “नदी तथा जलस्रोत व्यवस्थापन राष्ट्रिय नीति, २०८०” यस्तो परियोजनाका लागि मार्गदर्शक दस्तावेज भएको उल्लेख गर्दै यस परियोजनाले समन्वित जलस्रोत व्यवस्थापनको नमूना प्रस्तुत गर्ने विश्वास व्यक्त गर्नुभयो।

संघीय, प्रादेशिक तथा स्थानीय सरकारबीच समन्वयमार्फत प्रभावकारी योजना तथा कार्यान्वयन सुनिश्चित गर्नुपर्ने उहाँले जोड दिनुभयो। अन्त्यमा उहाँले सम्पूर्ण सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नुभयो।

---

# सहभागीहरूको सूची

Government of Nepal
Minsitry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
River and Water Induced Disaster Management Division
2nd Workshop on Project Information Dissemination and Stakeholder Meeting for Flood Control Master Plan Preparation
21st April , 2026
Hotel Airport, Biratnagar
**Attendence**

| S.N. | Name of participants | Designation | Office | Phone No. | Email | Signature |
|---|---|---|---|---|---|---|
| 1 | Shree Prasad Sah | SDE | MOEWRI | 9842068302 | mail_spsahey ahoo.com | |
| 2 | Rajendra Prasad Deo | Project Chief | INRMP, Biratnagar | 9852044302 | Koshibasinsaharmp@gmail.com | |
| 3 | Aashish G.C | Engineer | DWRI | 9745615565 | aashishgc13@gmail.com | |
| 4 | Krishna Pd. Rajbanshi | SDE | MoWSIE, Koshi | 985124645 | kprajbanshi@gmail.com | |
| 5 | Suman Kr. Dahal | Engineer | Kerabari RM | 9842147195 | sumandahal33@gmail.com | |
| 6 | Laxman G.C. | Sub-Engineer. | Kerabari RM | 9846590012 | Laxchu29@gmail.com | |
| 7 | Birendra Giri | Engineer | Belbari Municipality | 9849599521 | bireng61@gmail.com | |
| 8 | Rabindra Karki | Chief of Adm. | Katahari gapa | 98520[illegible] | Karkirabindra874@gmail.com | |
| 9 | Bal Krishna Niroula | Engineer | Belbari Municipality | 9852072600 | balkniroula@gmail.com | |
| 10 | Avinash goshai | " | Duhabi municipality | 9852042128 | Avinashgoshai@gmail.com | |
| 11 | Bimal Narayan chaudhary | Asst. Officer focal person | Duhabi municipality | 9842246793 | bimalchy44@gmail.com | |
| 12 | Gajendra Bhujel | Officer, 7th | Jahada muna. | 9820730040 | gajendrabhujel21@gmail.com | |
| 13 | Roshan Sah. | Sub-engineer | Jahada gaupalika | 9819856598 | roshansha135@gmail.com | |
| 14 | Roshan Prasad Mahato | Asst. Sub-engineer | Dharan up. Mahanagar | 9843378014 | mahatoroshan12@gmail.com | |
| 15 | Shreeyani Baniya | Env. Engineer | Dharan up. mahanagar | 9862186455 | Shreeyanib@gmail.com | |
| 16 | Sandip Acharya. | Project Engineer | JICA Project Team | 9861148921 | sandip.acharya888@gmail.com | |
| 17 | Manami Eguchi | JICA Team EV | JICA Project Team | +818036031051 | manami.eguchi@tk.pacific.co.jp | |
| 18 | Ashok Kr. Sah | Engineer | INRMP, Biratnagar | 9868632162 | sahashok10@gmail.com | |
| 19 | Shrawan Hasari Tharu | | Gramthan | 9842046740 | hasarishrawan@gmail.com | |
| 20 | Bishal Sharma | Engineer | Rangeli municipality | 9811365839 | erbishalsharma@gmail.com | |
| 21 | Dibya Dutta | Engineer | Katahari Rural Mun | 9842434487 | duttadivya16@gmail.com | |
| 22 | Bibhusan Jung Paudel | Engineer | A.B.M. Engineering Consultancy Pvt. Ltd | 9849388329 | abmengineering01@gmail.com | |
| 23 | Dipesh Aryal | Engineer | ABM Engineering consultancy Pvt Ltd. | 9841666927 | dipesh.aryal007@gmail.com | |
| 24 | Er. Arvind Kumar Gupta | JICA Water Resource Expt | JICA/YACHIYO | 9851205226 | kiranarvind@gmail.com | |
| 25 | Rajeshor Paudel | Env. Inspector | DWRI | 9841390535 | rajeshor_paudel@yahoo.com | |
| 26 | Aashish Pokharel | Engineer | DWRI | 9851342642 | aashish.pokharel.568@gmail.com | |
| 27 | Naoki Yoshinaga | JICA Project Team | JICA/Yec | 9706249697 | nk-yoshinaga@yachiyo-eng.co.jp | |
| 28 | Kumar Ghimire | S.D.E. | DWRI | 9852070633 | dishej_kyastuc@yahoo.com | |
| 29 | | | | | | |
| 30 | | | | | | |
| 31 | | | | | | |
| 32 | | | | | | |
| 33 | | | | | | |
| 34 | | | | | | |
| 35 | | | | | | |
| 36 | | | | | | |

CS Scanned with CamScanner
CS Scanned with CamScanner

# समयतालिका

**Title:** **2nd Stakeholder Meeting for Flood Control Master Plan Preparation**
**Date:** 2083/01/08 (21 April 2026), 9:30-13:30
**Venue:** Biratnagar Airport Hotel Pvt. Ltd., Airport Road, Biratnagar

| Time | | | | Session | Resource Agency/Person | Remarks |
|---|---|---|---|---|---|---|
| Start | | End | min | | | |
| 9:30 | - | 10:00 | 0:30 | Registration | — | - |
| 10:00 | - | 10:15 | 0:15 | Opening Remarks | Koshi Province<br>Mr. Krishna Rajbanshi | - |
| 10:15 | - | 10:35 | 0:20 | Self-introduction | All participants | 30 second/person |
| 10:35 | - | 10:45 | 0:10 | Objectives of the Stakeholer Meeting | DWRI (Mr.Kumar Ghimire, SDE) | Purpose of the SHM, position of SHM within the SEA process and overall schedule |
| 10:45 | - | 11:10 | 0:25 | Outline of the Project | DWRI (Mr. Aashish Pokharel, Engineer) | Outline of the Flood Control Master Plan including target river basins, planning scale, and regional context |
| 11:10 | - | 11:35 | 0:25 | Flood Control Plan and Alternatives | DWRI (Mr.Kumar Ghimire, SDE) | Priority protected areas, alternatives, and simplified comparative analysis |
| 11:35 | - | 11:45 | 0:10 | Possible Environmental and Social Impacts | DWRI (Mr. Rajeshwor Poudel, Environment Officer) | Preliminary scoping, assessment results, and proposed mitigation and monitoring measures |
| 11:45 | - | 12:45 | 1:00 | Group Photo Session<br>Lunch | | |
| 12:45 | - | 13:15<br>~14:10 | 0:30 | Discussion | All participants | Project-wise discussion theme (TBD), primarily focusing on project planning, including environmental and social considerations |
| 13:15 | - | 13:25 | 0:10 | Wrap up the meeting | DWRI (Mr.Kumar, SDE) | - |
| 13:25 | - | 13:30 | 0:05 | Closing Remarks | DWRI (Mr.Kumar Ghimire, SDE) | - |